मिति २०७७/११/१८ मा बसेको मन्त्रिपरिषद् बैठक संख्या १०१/२०७७ को निर्णयहरू:-

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रस्ताव नं. १/७२/३६२-२०७७/११/१८ को "प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरुको सम्बन्धमा व्यवस्था गर्ने विधेयकको मस्यौदा स्वीकृत गरी आन्तरिक मामिला तथा कानून मन्त्रालय मार्फत प्रदेश सभामा पेश गर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्ने:-

"छलफल र आवश्यक परिमार्जन सहित समितिबाटै प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरुको सम्बन्धमा व्यवस्था गर्ने विधेयकको मस्यौदा स्वीकृत गरी आन्तरिक मामिला तथा कानून मन्त्रालय मार्फत प्रदेश सभामा पेश गर्ने गरी मन्त्रिपरिषद्को प्रशासन तथा विधेयक समितिमा पठाउने ।"

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रस्ताव नं. १/७३/३६३-२०७७/११/१८ को "प्रदेश लोकसेवा आयोगको अन्तरिम संगठन संरचना एवं दरवन्दी तेरिज स्वीकृत गर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्ने:-

"प्रस्तावित अन्तरिम संगठन संरचनाको प्रशासन तथा योजना महाशाखा अन्तर्गत हलुका सवारी चालक (श्रेणीविहिन) को दरवन्दी संख्या- १ (एक) थप गरी अन्यको हकमा प्रस्तावमा लेखिए बमोजिम गर्ने ।"

३. सामाजिक विकास मन्त्रालयको प्रस्ताव नं. ७/७०/३५७-२०७७/११/१८ को "दलित सशक्तिकरण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ प्रदेश सभामा पेश गर्न स्वीकृती प्रदान गर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्ने:-

"प्रस्तावमा लेखिए बमोजिम गर्ने ।"

४. सामाजिक विकास मन्त्रालयको प्रस्ताव नं. ७/७१/३५८-२०७७/११/१८ को "न्याय हेल्थ नेपाल, बयलपाटा अस्पताल अछामको स्वामित्व सुदूरपश्चिम प्रदेश, सामाजिक विकास मन्त्रालयलाई हस्तान्तरणको लागि नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई अनुरोध गर्ने प्रस्ताव स्वीकृत गर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्ने:-

"प्रस्तावमा लेखिए बमोजिम गर्ने ।"

५. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको प्रस्ताव नं. ५/५६/३५९-२०७७/११/१८ को "भूमि सम्बन्धी समस्या समाधान आयोगको सदस्यको सुविधा तोक्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्ने:-

"प्रस्तावमा लेखिए बमोजिम गर्ने ।"

६. आर्थिक मामिला तथा योजना मन्त्रालयको प्रस्ताव नं. ३/५३/३६०-२०७७/११/१८ को "प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ स्वीकृत गर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्ने:-

"छलफल र आवश्यक परिमार्जन सहित समितिबाटै "प्रदेश सार्वजनिक खरिद नियमावली,२०७७" स्वीकृत गर्ने गरी मन्त्रिपरिषद्को प्रशासन तथा विधेयक समितिमा पठाउने ।"

७. आर्थिक मामिला तथा योजना मन्त्रालयको प्रस्ताव नं. ५/५४/३६१-२०७७/११/१८ को "सुदूरपश्चिम प्रदेश पुनरकर्जा सम्बन्धी कार्यविधि, २०७७ स्वीकृत गर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्ने:-

"प्रस्तावमा लेखिए बमोजिम गर्ने ।"

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
धनगढी, कैलाली, नेपाल
२०७४

०७८।११।१८

प्रमुख सचिव